माडी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

घर्तिगाउँ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.स. : २०८१/०८२

च.न. :-

## कर्मचारी आवश्यकता सम्बन्धी संशोधित सूचना

( प्रकाशित मितिः २०८१/०९/१९ गते)

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारवीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुको साझेदारीमा सञ्चालित छ । कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत माडी गाउँपालिकामा मनोसामाजिक परामर्श सेवा गर्नको लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आव्हान गरिएको छ ।

१. विज्ञापन नम्बर ०१/०८१/०८२

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाचौं तह) | १ जना | • मान्यता प्राप्त शिक्षण संस्थावाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिकहेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तिर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रवाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिइने छ ।<br>• दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको<br>• कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (**Word, exel, power point** आदी भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>**SaMi** कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः<br>• कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी |

माडी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## घर्तिगाउँ, रोल्पा

## लुम्बिनी प्रदेश, नेपाल

प.स. : २०८१/०८२

च.न. :-

| | | | |
|---|---|---|---|
| | | | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सुचीकृत भएको । नोट : महिला उम्मेदवारलाई विशेष प्राथमिकता दिइने छ । |

**परिक्षाको किसिम** : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक ।

**तलब तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार ।

आवेदन शुल्क : १००० (एक हजार )

**आवश्यक कागजातहरु** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिकयोग्यताको प्रमाण पत्रको प्रतिलिपि, अनुभवको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट फोटो एक प्रति साथै आफूले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकामा वा Email: madimunrolpa@gmail.com मार्फत पेश गर्नुपर्नेछ। आवेदनको लागि फारमको ढाँचा गाउँपालिकाको **Website : www.madimunrolpa.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

**छनौट प्रकृया** : प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई लिखित,अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ ।

**दरखास्त दिने अन्तिम मिति** : २०८१/१०/४ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ ।आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ (थप जानकारीको लागि सम्पर्क नं : ९८६०४६२३७१)

संयोजक

पदपूर्ति समिति